नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

**मितिः २०७८ असार १४**

## प्रेस विज्ञप्ती

मिति २०७८ असार १४ गते सोमबार राजस्व अनुसन्धान विभागको सभाकक्षमा विभागका महानिर्देशक तथा राजस्व चुहावट नियन्त्रण केन्द्रीय अनुगमन समितिका संयोजक श्री राम प्रसाद आचार्यज्यूको अध्यक्षतामा राजस्व चुहावट नियन्त्रण केन्द्रीय अनुगमन समितिको बैठक बस्यो । उक्त बैठकमा समितिका सदस्यहरु क्रमश: भन्सार विभागका महानिर्देशक, आन्तरिक राजस्व विभागका महानिर्देशक, सम्पति शुद्धिकरण अनुसन्धान विभागका महानिर्देशक, शसस्त्र प्रहरी वल, नेपालका नायव-महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधि, नेपाल प्रहरीका प्रतिनिधि, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रतिनिधि, विभागका उपमहानिर्देशक लगायतका उच्च सरकारी अधिकारीहरुको उपस्थिति थियो ।उक्त बैठकमा राजस्व अनुसन्धान विभागका उप-महानिर्देशक श्री शिवलाल तिवारीज्यूले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यपत्रमा राजस्व चुहावट जोखिमका क्षेत्रहरु, सूचना प्रविधिको प्रयोगसँगै आर्थिक अपराधमा देखा पर्ने नवीन चुनौतीहरु र अपनाउनुपर्ने रणनीतिहरु, कोभिड-१९ र यसले राजस्व संकलनमा पारेका असरहरु समेटिएका थिए। साथै उक्त कार्यपत्रमा केन्द्रीय राजस्व चुहावट नियन्त्रण समिति तथा राजस्व चुहावट नियन्त्रण केन्द्रीय अनुगमन समितिका पछिल्ला निर्णयहरु र कार्यान्वयनको अवस्था साथै जिल्ला स्थित राजस्व चुहावट अनुगमन समितिलाई प्रभावकारी रुपमा परिचालन गर्ने सम्वन्धमा समेत छलफल गरिएको थियो ।

बैठकमा समितिका सदस्यज्यूहरुले आ-आफ्ना भनाई राख्नु भएको थियो । राजस्व संकलन तथा चुहावटमा कोभिड-१९ को असरको हालसम्मको अवधिमा राजस्व संकलनमा प्रत्यक्ष असर परेको देखिएता पनि समग्रमा राजस्व संकलन सन्तोषजनक नै रहेको तथ्याङ्कले देखाएको थियो । बैठकमा कोभिड-१९ को विषम परिस्थितिमा व्यापार व्यवसाय तथा अत्यावश्यक वस्तुहरुको आपूर्ति व्यवस्थालाई सहजीकरण गर्ने, राजस्व चुहावट र विदेशी विनिमय अपचलनलाई नियन्त्रण गर्दै राजस्व संकलनमा जोड दिने विषयमा समेत छलफल भएको थियो । अन्तमा: राजस्व संकलनलाई परिणाममूखि वनाउने तथा राजस्व चुहावट

नियन्त्रणका कार्यलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न अन्तर निकाय समन्वयमा जोड दिने, जिल्ला स्थित राजस्व चुहावट अनुगमन समितिको कार्यदेश (TOR) परिमार्जन गरी केन्द्रीय राजस्व चुहावट नियन्त्रण समिति समक्ष पेश गर्ने र राजस्व चुहावट नियन्त्रण केन्द्रीय अनुगमन समितिको संरचनामा समसामयिक परिमार्जनका लागि सिफारिस गर्ने लगायतका विषयहरुमा निर्णय गर्दै बैठक समापन भएको थियो ।

शिवलाल तिवारी
प्रवक्ता तथा उपमहानिर्देशक





